**विज्ञापन व्यवसायलाई पारदर्शी बनाऔं**

- सन्चारमाध्यमले आफ्नो प्रभाव पहुँच र लोकप्रियताका आधारमा विज्ञापनको दर कायम गरौं।
- विज्ञापन दरमा छुट दिनेभए सोसमेत उल्लेख गरौं।
- निर्धारित दर सार्वजनिक गरौं र विज्ञापन बोर्डमा समेत पठाऔं।
- तोकिएको दर र छुटको सिमना रही कारोबार गरौं।

नेपाल सरकार

विज्ञापन बोर्ड

# बुद्ध दर्पण

राष्ट्रिय दैनिक

The Buddha Darpan National Daily




वर्ष ८ | अंक ५३ | २२ भदौ २०७९ बुधबार | 07 September 2022 Wednesday | पृष्ठ : ४ | मूल्य : ५ रुपैयाँ

## मुख्यमन्त्री केसी पटक पटक विवादमा

# अस्पतालका नाममा ठूलोरासी झ्वाम पार्ने दाउमा ब्रेक




रुपन्देही २१ भदौ

उच्च अदालत तुल्सीपुरले लुम्बिनी प्रादेशिक अस्पताल भवनको ठेक्काप्रक्रियालाई यथास्थितिमा राख्न अन्तरिम आदेश जारी गरेको छ । २५ साउनमा उच्च अदालत तुल्सीपुरको बुटवल इजलासका न्यायाधीश रामप्रसाद ओलीको इजलासले ठेक्का प्रक्रिया अघि नबढाउन अल्पकालीन अन्तरिम आदेश जारी गरेको थियो । अदालतले अन्तरिम आदेशमार्फत त्यसलाई निरन्तरता दिएको छ ।मुख्यमन्त्री कुल प्रसाद केसी र प्रदेश पूर्वाधार प्राधिकरणका सिइयो छविराज पोखरेलको 'मिलेमतो' ठेक्का भएपछि उच्च अदालतमा रिट दायर भएको थियो ।

उक्त रिटमा अदालतले तत्काल प्रक्रिया रोक्न आदेश दिएको हो । निर्माण व्यवसायी बलिभद्र रानाले ठेक्का प्रक्रियामा 'सेटिङ' भएको भन्दै प्रदेश पूर्वाधार प्राधिकरणको नेतृत्व गर्ने मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई विपक्षी बनाएर रिट हालेका थिए ।उच्च अदालत बुटवल इजलासमा न्यायाधीशद्वय कृष्णबहादुर थापा र रमेशराज पोखरेलको इजलासले बोलपत्रको मापदण्डमा समेत फरक पर्ने गरी पटक पटक बोलपत्र संशोधन गरेको देखिएको र यसबारे सार्वजनिक खरिद अनुगमन कार्यालयबाट समेत प्राधिकरणलाई दुई पटक पत्र पठाएर ध्यानाकर्षण गराएको भन्दै सुविधा र सन्तुलनको दृष्टिबाट अल्पकालीन अन्तरिम आदेशलाई निरन्तार दिने आदेश सुनाएको छ ।सार्वजनिक खरिद अनुगमन कार्यालय पीपीएमओले प्रदेश पूर्वाधार विकास प्राधिकरणलाई लुम्बिनी प्रादेशिक अस्पताल भवनको ठेक्काका ३ शर्तहरु संशोधन गर्न निर्देशन दिएको थियो । १ भदौमा निर्देशनात्मक पत्र लेख्दै १९ साउनमा पीपीएमओले लखेको पत्रमा उठाइएका विषयहरुमा प्राधिकरणले दिएको जवाफ चित्त बुझ्दो नभएको ठहर गरेको थियो ।खरिद अनुगमन कार्यालयले विदेशी कम्पनी सहभागी हुँदा सम्बन्धित देशमै 'नोटराइज' गर्नुपर्ने व्यवस्था, सोही कागजात नेपालस्थित दूतावासमा ल्याएर नोटराइज गर्नुपर्ने व्यवस्था र विदेशी कम्पनीले पनि आफ्नोबाहेक अन्य देशमा गएर तोकिएको योग्यताको काम गरेको हुनुपर्ने खरिद नियमावली विपरीत देखिएको र प्रतिस्पर्धा नहुने गरी निकालिएको भन्दै पत्र काटेको थियो ।आफ्नो देशभन्दा बाहिर काम गरेको विदेशी कम्पनी हुनुपर्ने शर्त राख्दा प्रतिस्पर्धा खुम्चिएर सीमित मात्रै योग्यता पुगेका कम्पनीले मिलेमतो गर्ने अवस्था देखिएको छ । ठेक्कामा पेश गर्नुपर्ने कागजात दूतावासमा नोटरी गर्नुपर्ने व्यवस्था नेपालको कानुनमा नै छैन ।तर, उक्त पत्रको २८ साउनमा प्राधिकरणका प्रमुख कार्यकारी अधिकृत सीईओ छविराज पोखरेलले पीपीएमओलाई प्रश्नहरुको खण्डन गर्दै जवाफी पत्र पठाएका थिए । उनले यस्ता व्यवस्थाले योग्य विदेशी कम्पनी आउने र सक्कली कागजात छुट्याउन सहज हुने तर्क पेश गरेका थिए ।प्राधिकरणको जवाफ र प्रक्रिया नै गैरकानुनी भएको ठहर गरेपछि पीपीएमओले कानुन विपरीतको व्यवस्था राखेर ठेक्का गरेर त्यसलाई सच्याएर मात्रै थप काम कारवाही अघि बढाउन भनेको छ ।कार्यालयको यो पत्रले अब ठेक्का सेटिङका लागि गरिएका विभिन्न शर्तहरु नसच्याई ठेक्का मूल्यांकन प्रक्रियाा लैजाने बाटो बन्द भएको छ । पीपीएमओले अख्तियार दुरुपयोग अनुसन्धान आयोगलाई पनि बोधार्थ दिएर अर्को पत्र काटेको थियो ।'यस कार्यालयले पत्रहरुमार्फत ध्यानाकर्षण गराएका विषयहरुसँग सम्बन्धिकत काम कारवाहीहरु सार्वजनिक खरिद ऐन, २०६३, सार्वजनिक खरिद नियमावली २०६४ तथा सार्वजनिक खरिद अनुगमन कार्यालयबाट जारी गरिएको नमूना बोलपत्र सम्बन्धी कागजातमा उल्लेखित प्रावधानहरुको प्रतिकूल देखिएको हुँदा ध्यानाकर्षण गराइएका विषयहरु सच्याई थप कारवाही अघि बढाउन तथा सोको जानकारी यस कार्यालयलाई उपलब्ध गराउनका लागि सार्वजनिक खरिद ऐन २०६३ को दफा ६५ को उपदफा २ को 'क' बमोजिम ३१ साउन २०७९को सचिवस्तरीय निर्णयअनुसार ध्यानाकर्षण गराउने निर्णय भएको व्यहोरा जानकारी गराइन्छ' पीपीएमओको पत्रमा भनिएको छ ।खरिद ऐन २०६३को दफा ६५ को उपदफा २ को 'क' मा सार्वजनिक निकायबाट भएको खरिद कारवाही यो ऐन वा यस ऐनअन्तर्गत बनेको नियम, कार्यविधि वा निर्देशिका विपरीत भएको पाइएमा सार्वजनिक खरिद अनुगमन कार्यालयले सो सम्बन्धमा त्यस्तो खरिद कारवाहीमा भएको त्रुटि सच्याउन र खरिद कारबाहीमा संलग्न पदाधिकारी उपर प्रचलित कानुन बमोजिम कारवाहीका लागि सार्वजनिक निकायको प्रमुखलाई र सार्वजनिक निकायको प्रमुख नै त्यस्तो खरिद कारवाहीमा संलग्न रहेको अवस्थामा अख्तियारवाला समक्ष ध्यानाकर्षणका लागि लेखी पठाउन सक्ने व्यवस्था छ ।यसरी लेखी आएमा भएको त्रुटि सच्याई सम्बन्धित सार्वजनिक निकायको प्रमुख वा अख्तियारवालाले सम्बन्धित पदाधिकारीलाई कानून बमोजिम कारबाही गरी सार्वजनिक खरिद अनुगमन कार्यालयलाई जानकारी दिनुपर्ने हुन्छ ।तर, राजनीतिक संरक्षणमा रहेकाहरु भर्ति गरेर खडा गरिएको प्राधिकरण भएकाले यसका

## सार्वजनिक लेखा समिति सभापतिको पहिलो सम्मेलन




बुटवल २१ भदौ

नेपालकै इतिहासमा पहिलो प्रदेश सभा अन्तर्गतका सार्वजनिक लेखा समिति सभापतिहरूको प्रथम सम्मेलन बुटवलमा सम्पन्न भएको छ। ५ वर्षसम्म समितिमा रहेर आफूले गरेका कामको अनुभव, चुनौती र आगामी कार्यदिशाबारे छलफल गर्न मंगलबार सम्मेलनको आयोजना गरिएको हो। सम्मेलनमा समिति सभापतिहरूले लेखा समितिमा रहेर आफूले ५ वर्षसम्म गरेका क्रियाकलापहरूको प्रस्तुती गरेका थिए । जसमा आफ्नो प्रदेशको समितिबारे जानकारी, आफूले गरेका महत्वपूर्ण क्रियाकलाप, त्यस सम्बन्धका अध्ययन, खोजबिन, अनुगमन र अध्ययनका सफलता, सरकारी सहयोग, काममा चुनौती र समस्यालगायतका बारेमा प्रतिवेदन प्रस्तुत भएको आयोजक लुम्बिनी प्रदेशसभाको सार्वजनिक लेखा समितिका सभापति विष्णुप्रसाद पन्थीले बताउनु भयो ।

समितिलाई विषयवस्तु र आगामी क्रियाकलाप बारेमा पूर्वप्रदेश सभा सचिव तथा संसदीय मामिला सचिव डा मानबहादुर विश्वकर्माले सहजीकरण गर्नु भएको थियो । सम्मेलनले लुम्बिनी प्रतिबद्धता पत्र सार्वजनिक गरेको छ । लुम्बिनी प्रदेशको सार्वजनिक लेखा समितिको आयोजना रहेको सम्मेलनमा यूएनडीपीको संसद् सहयोग परियोजनाले सहकार्य गरेको हो । सम्मेलनमा मुलुकका ७ मध्ये ५ प्रदेशका सभापति र समितिका सचिवहरू सहभागी छन् । सार्वजनिक लेखा समिति जसमा सबै प्रदेशका प्रदेश सरकार र त्यस मातहतका निकायले गर्ने कामलाई आर्थिक, नीति र विधिगत रुपले सही ढंगबाट हिँडाउने, पारदर्शी र सुशासनबाहिर गएका क्रियाकलापको अनुगमन गर्ने र त्यसलाई सुधारका लागि सरकारलाई सुझाव दिने काम सार्वजनिक लेखा समितिले गर्छ। लेखा समितिलाई जति सक्रिय बनायो सरकारका काम त्यति पारदर्शी, फलदायी र जिम्मेवारपूर्ण बन्न सक्ने भएकाले कार्यकालको अन्तिम समयमा भए पनि सम्मेलन आयोजना गरिएको प्रदेश १ को सार्वजनिक लेखा समितिका सभापति शिवनारायण गनगाईंले बताउनु भयो।

## एमालेबाट रायमाझी एकल हुदा कांग्रेसबाट ५को सिफारिस



अर्घाखाँची २१ भदौ

मंसिर ४ गते हुने प्रतिनिधि सभा र प्रदेश सभाको निर्वाचनका लागि अर्घाखाँचीमा नेकपा एमाले र कांग्रेसले उम्मेदवारहरु सिफारिस गरेका छन्। एमाले जिल्ला कमिटी अर्घाखाँचीको बैठकले केन्द्रीय सचिव टोपबहादुर रायमाझिलाई प्रतिनिधि सभाको लागि एकल उम्मेदवार सिफरिस गरेको छ। नेपाली कांग्रेसले प्रतिनिधि सभाका उपसभामुख पुष्पा भुसालसहित ५ जनालाई सिफरिस गरेको छ।

उपसभामुख भुसालसहित नेपाल चिकित्सक संघका पुर्व केन्द्रीय अध्यक्ष डाक्टर मुक्ति श्रेष्ठ, पुर्व सांसद डाक्टर रामबहादुर विसी, पुर्व मन्त्री रेवतीप्रसाद भुसाल र कांग्रेसका युवा नेता लेखनाथ पोख्रेलको नाम सिफारिस गरेको छ। माओवादी नेता रायमाझीले तत्कालिन नेकपा विभाजित हुँदा एमाले रोजेका थिए। नेकपा एमालेको १० औं महाधिवेशनबाट उनी एमाले सचिवमा निर्वाचित भएका थिए। अर्घाखाँचीमा प्रभावशाली मानिएका नेता रायमाझीको विरुद्धमा अन्य नेताले इच्छा व्यक्त नगरेको बताइएको छ।

उपसभामुख भुसाल एक संघीय निर्वाचन भएपश्चात पहिलो पटक चाहना राखेकी छन्। नेकपा एमालेले प्रदेश सभा (क) मा चेतनारायण आचार्य र (ख) मा रामजी प्रसाद घिमिरेको नाम सिफारिस गरेको छ। नेपाली कांग्रेसले प्रदेश सभा (क) मा निर्मला क्षेत्री, ताराप्रसाद श्रेष्ठ, तारा प्रसाद फुल्लेल, टिकाराम बन्जाडे र ध्रुब आचार्यको नाम सिफारिस गरेको छ। प्रदेश सभा (ख) मा पुर्व पार्टी सभापतितथा सन्धिखर्क नगरपालिकाका पुर्व नगर प्रमुख कमलप्रसाद भुसाल, शितगंगा नगरपालिकाका पुर्व नगर प्रमुख सुर्य प्रसाद अधिकारी, कांग्रेस प्रदेश सदस्य डाक्टर जयबहादुर टण्डन, कांग्रेस नेताहरु यादवप्रसाद घिमिरे, राजेन्द्र केसी र केशव अधिकारीको नाम कांग्रेसले सिफारिस गरेको छ।

## सामुदायिक तथा सस्थागत माविमा क्रान्तिकारीको तालाबन्दी

बुटवल २१ भदौ

चर्को शैक्षिक शुल्क, छात्रावृत्ति वितरणमा अपार्दशिता, शैक्षिक सामग्री विक्रिमा सिन्डिकेट लगायतका विरुद्धमा बुटवलका सामुदायिक तथा संस्थागत विद्यालयमा ताला लगाइएको छ। बुटवलको कालिका मानवज्ञान मावि, नविन औद्योगिक कदरबहादुर रिता मावि, कान्ति मावि तथा न्यूहोराइजन माविको लेखा शाखामा ताला लगाइएको हो। विद्यथीं संगठन अनेरास्ववियु (क्रान्तिकारी)ले मँगलबार विहान ती विद्यालयहरुमा आफ्ना माग सम्बोधन नभएको भन्दै तालाबन्दी गरेको हो । बुटवल उपमहानगरपालिकाको शिक्षा शाखालाई बोधार्थ गराउँदै संगठनले माग पूरा नहुँदासम्म चरणबद्ध आन्दोलन जारी राख्नेगरी तालाबन्दी गरिएको जनाएको छ । संगठनका जिल्ला



अध्यक्ष पारस राहदीले क्रमैसँग जिल्लाका अन्य पालिकाहरुमा समेत आफ्नो आन्दोलन र संघर्षका कार्यक्रमलाई अगाडी बढाउने बताए।

सामुदायिक विद्यालयहरुले अभिभावकहरुबाट सहयोग स्वरुप रकम लिन सक्ने भएपनि सोही बहाना बनाएर चर्को शैक्षिक सुल्क उठाउने गरेको उनको आरोप छ। यसैगरी राज्यले निशुल्क उपलब्ध गराउने शिक्षा जस्तो संवेदनशिल विषयमा विद्यालयहरुले मनोमानी शुल्क असुल्नुका साथै शैक्षिक सामग्रीहरु खरिदका लागि समेत एकै ठाउँबाट खरिद गर्नुपर्ने गरी अप्रत्येक्ष रुपमा सिन्धिकेट लगाइएको संगठनको आरोप छ।

यसैगरी निजी शैक्षिक संस्थाहरुले महङ्गो शैक्षिक शुल्क अुल्नुका साथै विद्यालयमा अनिवार्य उपलब्ध गराउनु पर्ने शैक्षिक छात्रावृत्ति पारदर्शी नभएको आरोप लगाइएको छ। विद्यालयमा लागेका तालाबन्दी खुलाउनका लागि आन्दोलनरत पक्षसँग एक चरणको छलफल भइसकेको बुटवल उपमहानगरका शिक्षा शाखा प्रमुख मित्रमणी खनालले बताएका छन्।

# सम्पादकीय


## शाह: वाह कि अफवाह ?

कृष्णनगर भनेपछि शाह परिवारको हैकम चल्ने ठाउँ भनेर प्रचलित छ धेरै पहिलैदेखि । थोरै समय मिर्जा दिलसाद बेगको पनि चर्चा चल्यो, तर शाहकै छत्रछायाँमा रहेर । जति नै प्रगति गरे पनि मिर्जाले शाह परिवारका विरुद्ध आक्रामक शब्द प्रयोग गर्दैनथे । रजौरिया परिवार विलोपित हुन थालेजस्तो छ । हरिनारायण र डा. गुरुप्रसादपछिको पुस्ताले राजनीतिक रङ्गमञ्चमा रङ्ग जमाउन चाहेन । बेल्वासेहरु विलाए । गुप्ता र कनौडिया पनि टक्कर दिनसक्ने अवस्थामा छैनन्, रहेनन् । कृष्णनगरमा शाह परिवारकै एकल हालीमुहाली चलेको र उनीहरुको आशिर्वाद पाएपछि जे गरे पनि हुने अवस्था छ भनिन्छ । स्वदेश र विदेशका अधिकांश मान्छेले स-साना पीडामा मुख खोल्दैनन्, विवादमा परेर आइलाग्न सक्ने समस्या झेल्न चाहँदैनन् । असैह्य भैसकेपछि विकल्प खोज्ने हुन्, बोल्ने हुन् । अहिले बोलेछन्, पोल खोलेछन् । प्रतिनिधि सभाका सांसद अभिशेष प्रताप शाह नजिकका मान्छेले सँस्था दर्ता गरेर, कानुन हातमा लिएर शुल्क उठाएको विरुद्धमा । स्थानीय सरकार र प्रहरी प्रशासन मूकदर्शक भएछ । रजौटा राजको पुनराबृत्ति भएको अनुभूति पनि गरिएछ भुक्तभोगीहरुबाट ।

स्थानीय लालमुकुन्द श्रीवास्तव सहितका केही शाह समर्थित युवाहरु मिलेर नेपाल मजदुर राहत भलाई कोष प्रा.लि. नामक सँस्था दर्ता गरेर भारतबाट नेपाल छिर्ने सवारी र मालवाहक साधनबाट जबर्जजस्ती शुल्क असुल्ने काम जारी रहेछ सीमा क्षेत्रमा । नेपाल छिर्ने हरेक सवारी साधन एकदिनमा फर्केमा रु. २ सय ५० र दुईदेखि ५ दिनभित्र फर्कने भएमा ४ सय ५० रकम असुल्दा रहेछन् । विगत १ वर्षमा १६ लाख रकम जम्मा पारेर प्रहरी प्रशासनलाई हिस्सादिन निकालिएको विषय बाहिरिएपछि असुल्नेहरुका बीचमा पनि विवाद बढेको रहेछ । कपिलवस्तु जिल्लाका तत्कालीन प्रहरी उपरीक्षक दानबहादुर कार्की सरुवा हुनुभन्दा पहिलै निकालिएको सो रकममध्ये कति प्रहरी र कति प्रशासनलाई हिस्सा बुझाइएको रहेछ भन्ने विषयले सार्वजनिक चासो जगाएको छ । प्रहरी प्रशासनले अब आफै खोजविन गरेर कानुनी दायरामा लगेर सार्वजनिकरण नगारुन्जेल दाग मेटिने सम्भावना देखिएन । सांसद शाहका मान्छे हुन्, जे मन लाग्छ गरुन् भनेर प्रहरी र प्रशासनले त्यत्तिकै छाड्दा हिस्सेदारमा मुछिन परेको छ । चोखिनका लागि पनि अब केही न केही नगरी नहुने अवस्था तयार भएको छ । सोचोस् समयमै र गरोस् केही, नत्र खेपोस् आरोप ।

कानुनत: त्यसरी पैसा असुल्ने अधिकार छैन । प्रशासन र प्रहरी सांसद शाहसंग विवाद गरेर बाझ्न चाहँदैन । अलिकति चुप लागेकै भरमा तलका केही कर्मचारीले खल्ती भर्ने मौका पनि पाएका होलान् । तर जिल्ला प्रशासक र प्रहरी उपरीक्षकले नै हिस्सा लिएका नहोलान् । यस विषयमा बुझ्दा प्रमुख जिल्ला अधिकारीले पहिले पनि जनगुनासो आएकोले रोक्न निर्देशन दिएको बताए । अहिले फेरि किन र कसरी कुन आधारले पुन: शुल्क असुलेका हुन् बुझेर कार्बाही गर्ने बचन पनि दिएका छन् । तर दशैं र तिहारको समय आएकाले खर्च उठाउने, जुटाउने काम रोकिएला भन्ने कुरा पीडितहरुले पत्याएका छैनन् । प्रहरी प्रशासनले जे गर्छ, त्यसैमा भर पर्छ ।

# सरकारभन्दा सुदखोर ठूला !



'कोही त भने जहाजमा हरर, कोही त भने पसिना तरर' भन्ने राल्फाकालीन गीतको रिमिक्स भर्सन 'जनकला' का कलाकारहरूले भदौरे घाममा सेकिँदै फिब्व ख्यः (माइतीघर) देखि बालुवाटारसम्मको सडकमा घन्काए। उनीहरूका अघिअघि थिए- ऋणको रापतापले पोलेका तन-मनसहित न्यायिक लडाइँ लड्दै आएका मनुवाहरू। मधेशको लू र शीतलहरसँगै सुदखोरीको कहर बेहारेका गरिखाने मानिसहरूको संघर्षमा सँगसँगै थिए- न्यायको पक्षमा उभिएका नागरिक अभियन्ताहरू। उनीहरू सबैले मिटरब्याज तथा ठगीविरुद्ध किसान-मजदुर संघर्ष समितिद्वारा आयोजित मार्चमा माग गरे- मिटरब्याजको ठगीधन्दा, दृष्टिबन्धक तथा छिनुवा पासको दुश्चक्रबाट किसानहरूलाई मुक्त गर !

मिटरब्याजी ऋणको पासोमा परेका मधेशी नागरिकहरू सत्ता-शक्तिको केन्द्र राजधानीको पनि राजधानीतिर लागिरहँदा देशमा राज गर्नेहरू भने चुनावको चटारोमा थिए; चुनावी जोडघटाउ, सिटको बाँडफाँट र निर्वाचनपछिको सत्ता मोलमोलाइमा व्यस्त थिए। आफूलाई गठबन्धन सरकारको विपक्षी ठान्ने ठूलो दलका दलपति पनि दक्षिणपन्थी रणनीति र मोर्चाबन्दीमा मग्न थिए। जबकि उनीहरूले मिटरब्याजे सुदखोरहरूलाई न्यायको कठघरामा उभ्याउन र सत्तापक्षलाई शोषण-उत्पीडनको पक्षपोषक हुनबाट रोक्न खासमा विरोधी पक्षको भूमिका खेल्नुपर्ने हो।

### सुदखोरीबारे राष्ट्रिय सहमति

वर्तमान राष्ट्रिय राजनीतिको विडम्बना के हो भने, मिटरब्याजी ऋणको पासोमा परेका मधेशी नागरिकका कहर र जायज मागमा सत्तापक्ष-विपक्षबीच कुनै मतभेद छैन, न त मनभेद नै छ। आजको सत्तापक्ष केही सुदखोरलाई समातेझैं गर्छ, करोडौंको ठगी र शोषणमा संलग्नलाई लाखको धरौटीमा छोड्छ र ठूला सुदखोर शार्कहरूलाई छुँदैन, पीडित र संघर्षकारीबिनाको नाम मात्रको छानबिन समिति बनाउँछ भने पीडितजनका मनमा अविश्वास र आशंकाको पहाड चुलिन्छ नै। उनीहरूमा विश्वास र भरोसा जन्मिने गरी हिजोको सत्तापक्षले पनि केही बोलिरहेको छैन, चाहे त्यो शून्य समयमा संसद्मै भाषण गर्न सकिने किन नहोस् ! केही पनि विपक्षी कर्म गरिरहेको छैन, चाहे त्यो माइतीघरको धर्नामा गएर ऐक्यबद्धता जनाउने मात्रै किन नहोस् !

कटु यथार्थले प्रस्टै भन्छ- सुदखोरीबारे सत्तापक्ष-विपक्षमा ऐतिहासिक राष्ट्रिय सहमति छ। कथंकदाचित् सुदखोरहरूको पनि राष्ट्रिय संगठन बनेमा प्रगतिशील प्यानल र प्रजातान्त्रिक प्यानल पनि बन्ने नै छन्। र, एक से एक सुदखोरहरू प्रतिनिधिसभा सदस्यका लागि सत्तापक्ष-विपक्ष दलबाट सिफारिस र छनोट हुने नै छन् । जसरी मान्छेलाई जिउँदै भट्टीमा हाल्ने मोहम्मद आफताब आलम नेपाली कांग्रेसबाट र आपराधिक गतिविधिमा संलग्नताका आरोपित चत्रे मिलन (मिलन गुरुङ) एमालेबाट सिफारिस हुँदै छन्, त्यसरी नै मिटरब्याजे सुदखोरहरू पनि सिफारिस भएमा अचम्म मान्नैपर्दैन। त्यस्तै, मिटरब्याजे सुदखोरको आरोप लाग्दै आएकाहरूमध्ये नवराज सिलवाल एमालेको सिफारिसमा ललितपुरबाट पुनर्निर्वाचित हुन सक्छन्। त्यस्तै, सुस्ताका मिटरब्याजे सुदखोरहरू जगदीश बनियाँ (गुप्ता) र उनका भाइबन्धु नवलपरासीबाट कुनै पार्टीको टिकटबाट जित्न पनि सक्छन् !

### राजनीतिक संरक्षण र ऋणको दुश्चक्र

मिटरब्याजे सुदखोर र राजनीतिक नेताहरूको लगनगाँठो नयाँ परिघटना होइन। यो पुरानो शोषणकारी सामन्ती रोगसहित फैलिएको अर्थ-राजनीतिक महामारी हो। मिटरजस्तै चढ्ने ब्याजको अंकुश, घर-जग्गा दृष्टिबन्धकको जालो र दृष्टिबन्धकका नाममा झुक्याएर राजीनामा गराउने छिनुवा पासको पासो हाल्ने दुष्कर्मको निरन्तरता राजनीतिक-प्रशासनिक संरक्षणबिना सम्भव छैन। त्यस्तै, किसानहरूको शोषण-उत्पीडनबाट कमाइएको धन, भूमाफिया गिरोहहरूको सहयोग र लठैतको फौजबिना पनि धेरैजसो नेतालाई राजनीतिक अखडामा विजय हासिल गर्न कठिन रहेको मधेश-तराईको यथार्थ हो। सर्लाही-महोत्तरी-नवलपरासी-कैलाली-कञ्चनपुरसम्मका धेरैजसो मन्त्री, सांसद र नेताका बहीखाता पल्टाइयो भने मिटरब्याजे सुदखोरहरूले किसान र अन्य तह-तप्काका जनताबाट सोसेका पसिना, आँसु र रगत मिसिएका पैसाको गन्ध आउनेमा शंका छैन। सुदखोरको अत्याचारका कारण पति र सम्पत्ति गुमाउनुपरेका खुश्बुना नेशा होऊन् वा अन्य पीडित, उनीहरूको प्रस्ट आरोप छ- सांसद हृदयेश त्रिपाठीदेखि संविधानसभाका सदस्य देवनारायण कलवार (सन्तु) सम्म र अन्य नेताको संरक्षणमा मिटरब्याजको अवैध धन्दा सहज रूपमा चालु छ।

यस्ता आरोपितहरूको फेहरिस्त जति लामो छ, त्यति नै अग्लो छ मिटरब्याजे सुदखोरहरूले जम्मा गरेका तमसुकको चाङ पनि। मिटरब्याज, दृष्टिबन्धक र छिनुवा पासका कारण पीडित भएका हजारौं मानिस, उठीबास भएका सयौं नागरिकको संख्यासँगै उनीहरूमध्ये केहीका लास पनि जोड्ने हो भने ऋणको पासोको आयतन अझै बढ्छ। पत्रकार एकल सिलवालले ऋणको पासोमा परेका गरिबहरूसम्बन्धी गम्भीर अध्ययनका साथ २०७३ सालमै मधेशमा व्याप्त ऋणको दुश्चक्रबारे खोजतलास गरेका थिए। उनको अध्ययन अनुसार, यस दुश्चक्रमा राजधानीका वैदेशिक रोजगारी कम्पनीका एजेन्ट, कमिसनका लागि गाउँ-गाउँमा गल्लावालजस्तै फैलिएका तिनका चम्चा, 'एजेन्टका चम्चाहरू' ले गरिब बेरोजगार युवालाई वैदेशिक रोजगारीका लागि फसाउने धन्दासँग जोडिएका गाउँका साहु-महाजन, तिनका लुटलाई मान्यता दिने समाज, दल र न्यायालयको सञ्जाल क्रियाशील छ (कर्जाले बनायो कंगाल, सीआईजेनेपाल डट ओआरजी डट एनपी)।

लुटको यस्तो सञ्जाल र अर्थ-राजनीतिले देखाउँछ- नेपाली समाजमा, विशेष गरी मधेशको समाजमा व्यापक रूपमा चलिरहेको अवैध सुदखोरी, किसानको सम्पत्ति खोस्ने र ज्यानै जाने उपक्रम खासमा यहाँको असमान र विभेदकारी सामाजिक संरचनात्मक समस्याको निरन्तर उत्पादन हो। सुदखोरीका नाममा जारी अनेक प्रत्यक्ष वा अप्रत्यक्ष हिंसाको सिलसिलाले पनि सामाजिक संरचनातिर प्रश्न उठाउने हदसम्म ध्यानाकर्षण गर्न सकेको छैन। सर्लाहीमा मिटरब्याजपीडित र उखु किसानहरूको न्यायका लागि संघर्ष गरेका मेरा मित्र डाचाराज वाग्लेको रहस्यमय मृत्युमा संसद्मा छानबिनको मागसम्म उठेको देखिन्छ, जुन पूराचाहिँ भएन। जबकि उनीजस्तो राजनीतिक पहुँच नभएका व्यक्तिहरूको हत्या वा आत्महत्या वा मानसिक प्रताडनाका कारण मृत्यु तथा तिनको संरचनागत कारण र छद्म हिंसाबारे कमै विमर्श भएको छ।

### साहु-महाजन नै माई बाप !

मधेशको आर्थिक, राजनीतिक र सांस्कृतिक संरचना भोगेका जनताको जीवनमा देखिन्छ- गाउँका सबैजसो गरिबका लागि, आफ्नो नाममा केही जग्गाजमिन र घर भएका विपन्न र बेरोजगार परिवारका लागि, विशेषतः दलितका लागि साहु नै 'माई बाप' हो, राज्य र सरकार हो, बैंक, सहकारी र व्यापारी हो, जोसँग ऋण नलिईकन जीवनै चल्दैन। न्यूनतम जीवन चलाउन पनि रिनपान गर्नैपर्ने, रिनपान गरिसकेपछि त्यही विषपान साबित हुने, बाँकी बचेको सम्पत्तिसँगै ज्यानै जाने गरी ऋणको पासोमा पर्ने आर्थिक घनचक्करले बाँच्नै नदिने संरक्षक-संरक्षितको विषम नाता वा मालिक-नोकरको जस्तो असमान सम्बन्धलाई पुनरुत्पादन गरिरहेको छ।

मिटरब्याज तथा ठगीविरुद्ध संघर्षरत किसानहरूसँग कीर्तिपुरको बःखुको बगरमा हालिएका छाप्रामा कुरा गर्दा अनुभूति भयो- उनीहरूले बाँच्न पनि, सामान्य घरखर्च चलाउन पनि, कोही बिरामी हुँदा उपचार गर्न पनि, पढाइको जोहो गर्न पनि, जन्मेदेखि मरेपछिसम्मका संस्कार चलाउन पनि, छोरीको बिहेमा तिलक र दहेज दिनुपरे पनि, वैदेशिक रोजगारीका क्रममा भारतदेखि मलेसिया र खाडी मुलुकसम्म जानुपरे पनि साहु-महाजनको आँगनमा गएर कर्जा नमागीकन सुखै छैन। सम्पत्तिमा होस् या भूमिमा, शिक्षामा होस् या भाषामा, जुन हिसाबले असमान स्वामित्व प्रणाली छ, जुन खालको उचनीचको शक्ति-सम्बन्ध छ, त्यसको एउटा देखिने आयाम मात्रै रिनपान हो। ऋणका लागि कुनै गरिब, विपन्न, किसान वा दलितले तमसुकमा ल्याप्चे लगाउनासाथ सर्वस्वहरणको सिलसिला सुरु भइसक्छ, जसमा साहित्य र सिनेमाका सुदखोरलाई समेत माथ गर्ने काइदा अँगालिएको देख्न पाइन्छ।

रौतहटका राजाराम सहनीले साहु त्रिलोकचन्द्र सहनीबाट लिँदै नलिएको ३७ लाख रुपैयाँको नक्कली कागजातबारे पर्दाफास गरेका देवेन्द्र सहनी भन्छन्- एउटा कागज वा तमसुकमा लगाइएको ल्याप्चे वा हस्ताक्षरको नक्कल भारतमा बनाईकन लाखौंलाख ऋण लिइएको नक्कली कागज बनाएर, अनेक प्रमाण जुटाएर, अदालतमा मुद्दा हालेर, प्रहरी-प्रशासन लगाएर किसानका घरजग्गा हड्पिन्छन् (भास्कर गौतम, सामाजिक दायित्वबोधका आयामहरू, कान्तिपुर, २०७९)।

### ऋणको भाष्य र अभ्यास तोड्ने 'शक थेरापी'

एकल सिलवालका अनुसार, मुलुकी ऐनले आसामीबाट साँवाको वार्षिक दस प्रतिशतभन्दा बढी ब्याज लिन बन्देज लगाए पनि मधेशमा साहु-महाजनले पुस्तौंपुस्तादेखि नै अवैध रूपमा ३६ प्रतिशत ब्याज लिँदै आएका छन्। त्यति मात्रै होइन, ऋण दिने साहु-महाजनले आफ्नो लगानीको सुरक्षाका लागि भन्दै साँवा रकममै कम्तीमा चार गुणा बढाएर कपाली तमसुक बनाउँछन्। जबकि वास्तविक लेनदेनको रकमभन्दा चार गुणा बढीको कागजात तयार गर्नु किर्ते काम हो। त्यस्ता किर्ते लिखत र अवैध व्यवहारलाई पनि वैधता र वैधानिकता दिने, लुटखसोटलाई मान्यता र संरक्षण दिने काम गरिरहेका छन् स्थानीय समाज र परम्परागत संस्थादेखि लिएर आधुनिक संस्था राजनीतिक दल, सरकारी प्रहरी-प्रशासन, अड्डा-अदालत, बैंक र सहकारीसम्मले !

रिनपान गर्न विवश गरिबजनको मनमा पनि गढेर बसेको छ- चार गुणा बढाएर कपाली तमसुक बनाउनु र ३६ प्रतिशतको मिटर ब्याज लिनु-दिनु त चल्दै आएको सामान्य कुरा नै हो नि ! सुदखोरीबाट लाभान्वित राज्य, सरकार र दलहरूले चाहेमा, आफ्ना निहित स्वार्थबाट अलग्गिने साहस गरेमा अवैध-अवैधानिक लुटखसोटलाई वैधता दिने भाष्य र मानसिकता तोड्ने कामको थालनी तत्कालै गर्न सकिन्छ। मिटरब्याजसँग सम्बधित दृष्टिबन्धक, छिनुवा पास र कपाली तमसुकलाई सरकारले अवैध घोषणा गर्ने र मिटरब्याजे सुदखोरलाई कानुनको दायरामा ल्याउने अभियान 'शक थेरापी' हुन सक्छ। यसले हजारौंहजार पीडित गरिब जनतालाई बाँच्ने आशा र संघर्ष गर्ने ऊर्जा दिनेछ।

### जनजीविकाका संघर्षको लक्ष्य

आफूमाथि आफैंले शासन गर्न अनेक जनसंघर्षको बलमा स्थापना गरिएको लोकतान्त्रिक गणतन्त्र, प्रादेशिक संघीयता र स्थानीय तहमा 'सिंहदरबार' निर्माण अझै पनि गरिब जनताको हुन सकेका छैनन्। ती सबैमा नयाँ-पुराना राजनीतिक-आर्थिक-सांस्कृतिक अभिजात वर्गकै कब्जा हुँदा गरिब जनतासँग भुइँतहका जनजीविकाका मुद्दामा संघर्ष गर्नुको कुनै विकल्प नरहेको अवस्था प्रस्टै देखिएको छ। मिटरब्याज ठगीविरुद्ध किसान-मजदुरको संघर्षले सात साललगत्तै भीमदत्त पन्तको नेतृत्वमा भएको सुदूरपश्चिमको किसान आन्दोलन, तुलसीलाल अमात्यको अगुवाइमा भएको रौतहट किसान आन्दोलन एवं बलदेव रामले सिरहा-सप्तरीमा थालेको किसान र दलित आन्दोलनको विरासत बोकेको छ, लोकतान्त्रिक गणतन्त्रलाई लोकतन्त्रीकरण र जनमुखी बनाउने लक्ष्य पनि अँगालेको छ।

यस्ता भुइँतहका संघर्ष र लोकतान्त्रिक आन्दोलनको अन्तर्यमा गरिबी, बेरोजगारी, अशिक्षा, स्वास्थ्यसेवामा पहुँचविहीनता र गाउँमा गुजारा खेतीमा निर्भरताजस्ता वर्गीय समस्याबाट मुक्ति तथा अन्य नागरिकसरह शक्ति र हैसियत प्राप्तिको आकांक्षा लुकेको देखिन्छ। त्यस आकांक्षाको अभिव्यक्ति मूलतः सहरिया र शिक्षित समुदायले, गैरकृषिलाई जीविकोपार्जनको साधन बनाएका गाउँले युवाहरूले विभिन्न खाले मुद्दालाई आधार मानेर संघर्षमार्फत व्यक्त गरिरहेका छन्। अनेक खालका शोषण-उत्पीडन र बहिष्करण-विभेदविरुद्ध हुने संघर्षको मूल लक्ष्य हुन सक्छ- अबको सामाजिक धरातललाई समतल र व्यवस्थित पारौं !

त्यसका लागि, चैतन्य मिश्रको भाषामा, अबको संघर्ष मुख्यतः जीविका सुरक्षित गर्ने विषयमा, लोकतान्त्रिक एवं समान नागरिक अवसर प्राप्त गर्ने विषयमा र त्यसरी अवसर विस्तार गर्दा हुनुपर्ने समावेशिताको प्रवर्द्धन विषयमा हुनु जरुरी छ। यो संघर्ष आम नागरिकमध्ये पनि त्यो वर्गको अधिकारका विषयमा हो, जो पहिलो पटक सार्वजनिक क्षेत्रमा शिक्षित हुने, सुसूचित हुने, जीविकोपार्जनको खोजी गर्ने व्यक्तिका रूपमा सार्वजनिक क्षेत्रमा छिर्दै छ र राज्यसत्ताबाट मद्दत खोज्दै छ (नेपालमा जातीय उभार र संघीयकरणको सन्दर्भ, विचार विशेष, २०६८)।

किसान-मजदुर र सर्वहारा वर्गको पक्षमा रहेको दाबी गर्ने विशाल राजनीतिक दल, ठूलठूला किसान संघ र मजदुर युनियनको अगुवाइ, समर्थन, सहयोग र ऐक्यबद्धताबिना पनि एउटा भुइँतहको आन्दोलनले बालुवाटार र सिंहदरबारका ढोका ढकढक्याइरहेको छ। हुन त यस्ता सयौं आन्दोलनको दबाब र प्रभावमा मात्रै राज्य, समाज, परिवार र व्यक्ति परिवर्तन हुन्छन्। यो लामो प्रक्रिया होला, तर छोटो प्रक्रियाबाटै हुने राहत र सुधारका काम गर्न किन हिचकिचाहट छ ? मिटरब्याजसँग सम्बन्धित दृष्टिबन्धक, छिनुवा पास र कपाली तमसुकलाई अवैध घोषणा गर्न केले रोकेको छ ? सरपल्लो-८, महोत्तरीका तुफानी अन्सारीले भनेझैं, प्रधानमन्त्रीभन्दा साहु नै ठूला हुन् कि ? सत्ताधारी र सत्ताकांक्षी दलका दलपतिहरूसँग छ जवाफ ?

-कान्तिपुरबाट

# माओवादी केन्द्रले गऱ्यो उम्मेदवार सिफारिस




रुपन्देही २१ भदौ

नेपाल कम्युनिस्ट पार्टी माओवादी केन्द्र रुपन्देहीले आगामी मंसिर ४ गते हुने प्रतिनिधिसभा तथा प्रदेशसभा सदस्यका लागि उम्मेदवार सिफारिस गरेको छ। पार्टीका जिल्ला संयोजक निर्मल जीसीका अनुसार रुपन्देही क्षेत्र नम्बर १ मा प्रतिनिधिसभातर्फ बामदेव क्षेत्री, घनश्याम यादव र मक्सुद अलीलाई उम्मेदवार सिफारिस गरिएको छ। प्रदेशसभातर्फ १ को (क) बाट लेखनाथ न्यौपाने, दिपा विक र गोविन्द पंगेनी तथा (ख)बाट बामदेव क्षेत्री, महादेव बस्नेत र विजय यादव सिफारिस भएका छन्। रुपन्देही क्षेत्र नम्बर २ मा प्रतिनिधिसभातर्फ विनोद पहाडीलाई सिफारिस गरिएको छ। प्रदेशसभातर्फ २ को क मा बामदेव क्षेत्री, नारायण जीसी, र गोविन्द केसी तथा ख बाट युवराज ढकाल, हुमनाथ न्यौपाने र बेलप्रसाद शर्माको नाम परेको छ।

क्षेत्र नम्बर ३ मा प्रतिनिधिसभातर्फ हकिकुल्ला खां सिफारिसमा परेका छन्। प्रदेशसभातर्फ ३ को (क) बाट मक्सुद अली, तीरबहादुर रोका र रियज अहमद तथा ख बाट सोनिया यादव र धनबहादुर गुरुङ उम्मेदवार सिफारिस भएका छन्। क्षेत्र नम्बर ५ बाट प्रतिनिधिसभातर्फ मोहम्मद वकिल मुसलमान सिफारिसमा परेका छन्। प्रदेशसभातर्फ ५ को (क)मा नारायण जीसी (निर्मल), भोलानाथ बस्याल र दिपिका शर्मा तथा (ख)बाट विक्रम यादव, महेन्द्रकुमार यादव र रामगुलाम यादव सिफारिस भएका छन्। रुपन्देहीमा प्रतिनिधिसभातर्फ पाँच वटा निर्वाचन क्षेत्र छन्। क्षेत्र नं ४ को भने उम्मेदवार सिफारिस भइ नसकेको जिल्ला संयोजक जीसीले बताए। नेताहरुका अनुसार प्रतिनिधिसभातर्फ गठबन्धन दलमध्येबाट रुपन्देहीको क्षेत्र नम्बर १ वा २ मा माओवादीले कोटा पाउने सम्भावना छ।

**सर्टिफिकेट हराएको सूचना**

यहीं मिति २०७९ भाद्र ५ गतेका दिन चारनम्बर देखि तौलिहवा जाने क्रममा निरज खनालको कक्षा १२ को सर्टिफिकेट लगायतका महत्वपूर्ण कागजात हराएको हुँदा फेला पार्नुहुने महानुभावले निम्न नम्बरमा जानकारी दिनुहुन अनुरोध छ।

**नाम: निरज खनाल**
**मोबाइल नम्बर: ९८४०४९१८७८**

# उद्योग व्यापार संगठनद्वारा राहत वितरण



भैरहवा २१ भदौ

उद्योग व्यापार संगठन रुपन्देहीले आगलागी तथा चोरी भएका व्यवसायिक प्रतिष्ठानलाई आर्थिक सहयोग गरेको छ। संगठनका अध्यक्ष अनिल कुमार ज्ञवालीको नेतृत्वको टोली मंगलबार दुईवटा व्यवसायिक प्रतिष्ठानमा पुगेर रकम हस्तान्तरण गरेको हो। आगलागी, चोरी जस्ता घटना भएका व्यवसायिक प्रतिष्ठानलाई राहत वापतको रकम संगठनले उपलब्ध गराउँदै आएको ज्ञवालीले जानकारी दिए

गत चैत २७ गते आगलागी भएको सिद्धार्थनगर नगरपालिका-५ स्थित हरि उँ फूल घर एवं डेकोरेटर्स तथा गत वर्षको असोजमा चोरी भएको ओमसतिया गाउँपालिका-४ बसन्तपुरस्थित अंकृता सप्लायर्सका सञ्चालकलाई संगठनले रकम हस्तान्तरण गरेको महासचिव सचिन रोक्काले बताए। हरि उँ फूल घर एवं डेकोरेटर्सका सञ्चालक तेजबहादुर सहानी र अंकृता सप्लायर्सका सञ्चालक राजेश प्रसाद हरिजनलाई रकम हस्तान्तरण गरिएको उनले जानकारी दिए। सहयोग रकम हस्तान्तरण गर्न संगठनका अध्यक्ष ज्ञवालीसहित उद्योग उपाध्यक्ष रामचन्द्र रेग्मी, महासचिव सचिन रोक्का, कोषाध्यक्ष राम मिलन यादव व्यवसायिक प्रतिष्ठानमा पुगेका थिए।

Krishnanagarmanicipality
**Office of Municipal Executive**
Krishnanagar ,Kapilvastu
Lumbini Province

**Invitation for online Bids**

Date of first publication : 2079-05-22 (7thSept ,2022)

The krishnanagarMunicipality ,Office of the Municipal Executive, krishnanagarkapilvastu invites online bids under e-procurement system from eligible bidders for the procurement of following works. The bidders can visit the PPMO web sidewww.hhtp://bolptra.gov.npfor the brief description with public entity name : Office of Municipal Executive Krishnanagar ,kapilvastu .

| S. N | contract ID | Name of Projects | Estimated Amount (with out VAT& Contingencies ) NRS | Bids Security (NRs.) | Bid Doc fee | Final Bid submission Date&Time | Rem arks |
|---|---|---|---|---|---|---|---|
| 1 | KNM/NCB/RD-01/079/80 | Construction of Road ChaipurwaDekhiPatana Samma SadakKalopatre | 80,01,548.17 | 2,32,000.0 | 3000.00 | 07-10-202212:00. | |
| 2 | KNM/NCB/RD-02/079/80 | Construction of Road Deepu Shukla Ko GharDekhiHulakiSadakSammKalopatre | 1,59,19,609.82 | 4,62,000.00 | 3000.00 | 07-10-202212:00. | |

Ramchandra Dhakal
Chief Administrative Officer

नेपाल सरकार
भूमि व्यवस्था तथा सहकारी मन्त्रालय
**भूमि व्यवस्थापन तथा अभिलेख विभाग्**
**भूमिसुधार तथा मालपोत कार्यालय**
कपिलवस्तु

मिति २०७९/०५/१७

**मालपोत कार्यालय तौलिहवावाट हाकदावि सम्बन्धि ३५ दिने सुचना**

उपरोक्त सम्वन्धमा जिल्ला कपिलवस्तु शिवराज.न.पा.वडा नं.८ मौजा पकडी वस्ने गोमती पाण्डेयको बुहारी रमेश कुमार पण्डेयको पत्नी दिपा पाण्डेयले मेरो फुपाजु पर्ने महाराजगंज वडा नं.९ मौजा शिवभारी वस्ने राम सरन दुवेको नाती रामराज दुवैको छोरा चन्द्र भुषण दुवेदीले मेरो नाउमा मालपोत कार्यालय चन्द्रोटाबाट विगो नखुलेको शेषपछिको बकसपत्र मिति२०७९/०१/१३गते गरी,मिति२०७९/४/७गते स्वर्गबास भएको निजको एकमात्र पत्नी ईन्द्रमती दुवेकोसमेत मिति२०७५/०२/०५गते आफ्नै कलगतिले मृत्यू भैसकेको निजहरुवाट कुनै सन्तानको जन्म नभएको,जिवित रहदा सम्म देखरेख सेवा टहल औषधी उपचार तथा मृत्यू पश्चात सामाजिक धार्मिक परम्परा अनुसार दाह संस्कार मैले नै गरेको हुदा निज चन्द्र भुषण दुवेदीको नाउमा कायम हेको साविक से.मा.सि. वडा नं.५क कि.नं.१०७५र१८५० ज.वि.०-२-३ र ०-१०-१७.५को मेरो नाउमा द.ख.नामसारी गरी पाउँ भनि निवेदन दिएको हुदा यो सुचना प्रकाशीत गरीएको छ। ज.ध.चन्द्र भुषण दुवेदीले कहिकतै कसैवाट लेनदेन वाँकी बक्यौता छ/छैन। उल्लेखित कित्ताहरुमा भोगमा विवाद भए वा निवेदकहरुको माग निवेदन अनुसार नामसारी गर्दा कसैको हक/हकदैयामा असर पर्ने भए,यो सूचना प्रकाशित भएको मितिले ३५दिन भित्र यस कार्यालयमा प्राप्त हुने गरी स-प्रमाण उजुर गर्नु हुन सर्व साधारणमा अनुरोध छ। सुचनमा उल्लेख भएको म्याद भित्र उजुर नगरेमा उल्लेखित कित्ता नम्बरको जग्गा कानून वमोजिम निवेदकको नउमा नामसारी भैजाने छ। म्याद नाघे पछि कसैको कुनै उजुरमा यस कार्यालयवाट कुनै कार्यावाही नहुने व्यहोरा समेत जानकारीको लागि सुचना प्रकाशित गरिएको छ।




लागु औषद सेवनले मानिसको शारिरिक र मानसिक स्वास्थ्य बिग्रन्छ ,धन सम्पतीको वर्वाद गर्दछ ।यसको प्रयोग वाट आफु ,परिवार,सामाजलाई नै अपुरणीय क्षेती पुग्ने हुदा यस्ता पदार्थ देखी टाढा रहौं ।
अनुरोधक :-
कन्चंन गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय
रुपन्देही

मानव बेचविखन विरुद्ध सारा नेपाली एक हाऔं।
अनुरोधक :-
बाणगंगा नगरपालिका नगरकार्यपालिकाको कार्यालय
कपिलवस्तु

छोरा र छोरी सामान व्यवहार गरौं ,। छोरी लाई पनि स्कुल पठाऔं ।
अनुरोधक :-
बुद्धभुमि नगरपालिका नगरकार्यपालिकाको कार्यालय
कपिलवस्तु

रोगबाट बच्न व्यतिगत सरसफाईमा विशेष ध्यान दिऔं ।
अनुरोधक :-
कृष्णनगर नगरपालिका नगरकार्यपालिकाको कार्यालय
कपिलवस्तु

घर पालुवा पशुपंक्षीलाई जङ्गली जनावरको सम्पर्कमा आउन नदिऔं ।
अनुरोधक :-
मायादेवी गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय
कपिलवस्तु

सफासँग हात धोएर मात्र खाना खाने गरौं ।
अनुरोधक :-
कपिलवस्तु नगरपालिका नगरकार्यपालिकाको कार्यालय
कपिलवस्तु

रुख रापौं,वन जंगल जोगाऔं बाढी, पहिरोको जोखिम घटाउ ।
अनुरोधक :-
विजयनगर गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय
कपिलवस्तु

वस्तु वा सामान खरिद गर्दा अनिवार्य रुपमा बिल लिने गरौं ।
अनुरोधक :-
सैनामैना नगरपालिका नगरकार्यपालिकाको कार्यालय
रुपन्देही

खानेपानीका मुहानहरु सफा राखौं ।
अनुरोधक :-
शिवराज नगरपालिका नगरकार्यपालिकाको कार्यालय
कपिलवस्तु

सागसब्जी सफापानीले पखालेर मात्र खाने गरौं ।
अनुरोधक :-
महाराजगञ्ज नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कपिलवस्तु

चर्पीमा मात्रै दिसा पिसाव गरौं ।
अनुरोधक :-
शुद्धोधन गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय
कपिलवस्तु

# करेन्ट लागेर ३ जनाको मृत्यु



पाल्पा २१ भदौ

पाल्पामा घर बनाउने क्रममा करेन्ट लागेर एक जनाको मृत्यु भएको छ । मृत्यु हुनेमा खोटाङको जन्तेढुंङ्गा ३ घर भई हाल तानसेन नगरपालिका १ गैरागाउँ बस्ने ३४ वर्षीय महेश राई रहेको प्रहरीले जनाएको छ। आज बिहान तानसेन ४ सिलखानटोलमा घर बनाउने क्रममा करेन्ट लागेका राईको उपचारका क्रममा युनाइटेड मिसन अस्पताल तानसेनमा मृत्यु भएको हो । घटनाको बिषयमा थप अनुसन्धान भईरहेको जिल्ला प्रहरी कार्यालय पाल्पाका सूचना अधिकारी वीरेन्द्र थापाले जानकारी दिनुभयो ।यता गुल्मीमा करेन्ट लागेर एक जनाको मृत्यु भएको छ । जिल्लाको धुर्कोट गाउँपालिका वडा नम्बर-४ जैसिथोक निवासी ४२ वर्षीया मानबहादुर रानाको मृत्यु भएको जिल्ला प्रहरी कार्यालय गुल्मीले जनाएको छ । राना घरको टिनको छानामाथि चढेका बेला छानामा रहेको विद्युत्को नांगो तारका कारण करेन्ट लागेर मृत्यु भएको जानकारी प्राप्त भएको तर पुष्टि नभइसकेको जिल्ला प्रहरी कार्यालय गुल्मीका नायब उपरीक्षक ९डीएसपी० माधवराज खरेल बताए। करेन्ट लागेपछि २ तला माथिबाट खसेर घाइते भएका रानाको उपचारको क्रममा जिल्ला अस्पताल गुल्मीमा मृत्यु भएको प्रहरीले जनाएको छ।

यसैगरी जिल्लाकै इश्मा गाउँपालिकाकी एक हप्तादेखि बेपत्ता रहेकी बालिका मृत अवस्थामा फेला परेकी छन्। इश्मा गाउँपालिका-२ मझुवा निवासी प्रकाश कुवँरकी ७ वर्षीया छोरी क्रिष्टिना कुवँर सोमबार साँझ मृत अवस्थामा फेला परेको प्रहरीले जनाएको छ । गत हप्तादेखि हराइरहेकी कुवँरलाई इश्मा गाउँपालिका २ मडारेस्थित छल्दीखोलामा मृत अवस्थामा फेला पारेपछि स्थानीयले प्रहरीलाई खबर गरेको प्रहरीले जनाएको छ।

# गठबन्धन विना अघि बढ्ने सोच छैन: उपाध्याय



ओदारी २१ भदौ

जो कोहीले पनि सत्यलाई सत्य भन्न सक्नु पर्ने भन्दै गठबन्धन विना चुनावमा जाने पक्षम कांग्रेस नभएको नेपाली कांग्रेसका नेता पूर्व मन्त्री एवम् भारतका लागि पूर्व नेपाली राजदूत दीपकुमार उपाध्यायले बताएका छन् । नेपाली कांग्रेसले सुरु गरेको भदौ १० देखि २४ गतेसम्म जनताको साथमा कांग्रेस' अभियान अन्तर्गत कपिलवस्तु क्षेत्र नं. १ ले आज ओदारीमा आयोजना गरेको प्रतिनिधिसभा क्षेत्रीय भेलालाई सम्बोधन गर्दै पार्टीका आन्तरिक छलफलहरु गरी कही कतै कुडिएका मन मिलाउने वातावरण बनाउनु पर्ने र सत्यलाई सत्य भन्न सक्नु पर्ने बताएका हुन्। उपाध्यायले निशेधको राजनीति कसैले गर्न नहुने तर्फ इंकित गर्दै आफ्नै छोरा आशिष शर्मालाई बाणगंगाको वडा नं. १० पटनाबाट कांग्रेसको क्षेत्रीय प्रतिनिधि रोक्न खोजिएको तर्फ इंकित गर्दै त्यस्तो कसैले गर्न नहुने बताए । कार्यक्रममा प्रमुख अतिथि चन्द्र बहादुर केसीले 'काम गरेस भन्ने पार्टी' कांग्रेस भएको बताउँदै केसीले कांग्रेसमा फरक मत राख्न पाइने तर घात अर्न्तगात गर्न नहुने बताए।

कार्यक्रममा कपिलवस्तु कांग्रेसका पूर्व सभापति राजेश आचार्यले नेताहरुलाई गाली गर्नु भन्दा आफूले कांग्रेसका लागि कति गरे भन्ने कांग्रेसले सोच्नु पर्ने बताउँद स्थानीय तहमा गठबन्धन नहुँदा जिल्लामा हार व्यहोर्नु परेको उल्लेख गर्दै कांग्रेस नेता कार्यकर्ता जनताको दुःख र सुखमा साथ दिनु पर्ने बताए । कांग्रेस नेता एवम् पूर्व राज्य मन्त्री कमलेश शर्माले कांग्रेस कमजोर नभएको बताउँदै सवैका भावना विचार कदर गर्ने गरी गठबन्धन हुनुपर्ने बताए । जिल्लाका पूर्व सभापति सुधाकर पाण्डेले गठवन्धन को विकल्प नभएको बताउँदै जसलाई टिकट दिँदा निर्वाचन जितिन्छ उसैलाई दिनुपर्ने बताए।

लुम्बिनी प्रदेशका प्रदेश सदस्य रुक बहादुर भुसालले कांग्रेसले जनताको भावना बुझ्ने र जनताको भावनाअनुरुपको रुपान्तरण र विकास परियोजना ल्याएर काम गर्नु पर्नेमा जोड दिए । कार्यक्रममा नेपाली कांग्रेसका नेताहरु विष्णु थापा, दीपक थापा, परमेश्वर पाठक, सर्जु थारु, राजन पाण्डे, कांग्रेस नेतृ शारदा के.सी. लगायतले आ-आफ्ना धारणा एवम् गुनासा राखेका थिए। क्षेत्र नं. १ का क्षेत्रीय उपसभापति दुर्गा केसीको स्वागत रहेको कार्यक्रममा अध्यक्षता क्षेत्रीय सभापति अब्दुल मन्नान खाँको रहेको थियो भने कार्यक्रमको संचालन क्षेत्रीय सचिव कृष्ण चौधरीको रहेको थियो । कार्यक्रममा कांग्रेसका नेता कार्यकर्ताहरुको उल्लेख्य सहभागिता रहेको थियो।

# बुटवल –पाल्पा सडकखण्ड खुल्यो



पाल्पा २१ भदौ

बुटवल पाल्पा सडकखण्ड खुलेको छ । मंगलबार विहान पाल्पाको तिनाउ गाँउपालिका-३ सिद्धबाबामा पहिरो खस्दा सो सडक अवरुद्ध भएको थियो। पहिरो आज बिहान सवा ४ बजे खसेको थियो । सो पहिरो हटाई सडक अहिले दुई तर्फी रुपमा नै सञ्चालनमा आएको लुम्बिनी प्रदेश प्रहरी कार्यालय बुटवलले जनाएको छ।

# चारलेन सडकको काम अलपत्र हुदा २२ जनाले ज्यान गुमाए



दाङ २१ भदौ

लमही-घोराही-तुलसीपुर चार लेन सडक निर्माणले गति नलिँदा ठूलो मानवीय तथा भौतिक क्षति भइरहेको छ। निर्माणका क्रममा पुरानो सडक भत्काउँदा सवारी दुर्घटना भई काम थालेयता २२ जनाले ज्यान गुमाइसकेको जिल्ला ट्राफिक प्रहरी कार्यालयको तथ्यांक छ। सडक निर्माणको म्याद चारपटक थप्दा पनि भौतिक प्रगति ९ दशमलव ६९ र आर्थिक प्रगति १४ दशमलव २३ प्रतिशत मात्रै भएको छ।

अहिले पनि काम सन्तोषजनक नभएको र यही अवस्थामा यो योजना सम्पन्न हुने सम्भावना नरहेको भालुबाङ-बाङ्गुला-भीमगिठे,चन्द्रौटा-कृष्णनगर तथा लमही-घोराही-तुलसीपुर फोरलेन सडक आयोजना कार्यालय लमहीका प्रमुख अर्जुनकुमार बमले बताए।

# कात्तिक ९ गतेदेखि म्यादी कार्यक्षेत्रमा खटिने

काठमाडौं २१ भदौ

प्रतिनिधिसभा र प्रदेशसभा सदस्य निर्वाचन सुरक्षाका लागि आगामी कात्तिक ९ गतेदेखि म्यादी प्रहरी कार्यक्षेत्रमा खटिने भएका छन् । निर्वाचन सुरक्षाका लागि म्यादी प्रहरी छनोटसम्बन्धी कार्यविधि गृह मन्त्रालयद्वारा स्वीकृत भएको प्रहरी प्रधान कार्यालयले जनाएको छ । प्रहरी प्रवक्ता (डीआईजी) टेकप्रसाद राईले मन्त्रालयद्वारा स्वीकृत कार्यविधिमा कात्तिक ९ गतेदेखि म्यादी प्रहरीलाई कार्य क्षेत्रमा खटिने जानकारी दिनुभयो। प्रवक्ता राईका अनुसार म्यादी प्रहरी भर्नाका लागि यही भदौ २६ गते राष्ट्रिय दैनिक पत्रिकामा सूचना प्रकाशन गर्ने कार्यविधिमा उल्लेख छ। त्यस्तै, भदौ ३० देखि असोज ६ गतेसम्म आवेदन दिन सकिने, असोज ९ देखि १४ गतेसम्म छनोट प्रक्रिया र असोज २५ गते नजिता प्रकाशन गर्ने गरी कार्यविधि स्वीकृत भएको छ। यसैगरी, असोज २७ र २८ गते नियुक्ति पत्र दिने कार्यविधिमा उल्लेख छ।


**गर्मी मौसममा हुनसक्ने आगलागीका घटनाहरू र सोबाट हुनसक्ने जनधनको क्षति न्यूनीकरण गर्न निम्नानुसार गर्ने गरौं ।**

- सलाई , लाइटरजस्ता आगो बाल्ने सामग्रीहरु बालबालिका तथा मानसिक सन्तुलन ठीक नभएका व्यक्तिहरुले भेट्ने ठाउँमा राखौँ ।
- खाना पकाइसकेपछि आगो राम्रोसँग निभाऔँ, खाना पकाउने ग्याँस प्रयोगकर्ताले चुलो, रेगुलेटर तथा लाइटर आदि समय समायमा निरीक्षण गरौँ ।
- चुरोट बिंडीजस्ता वस्तुहरु प्रयोगपश्चात् जथाभावी नफालौं र आगो राम्रोसँग निभाऔँ।
- पेट्रोल, डिजेल, ग्याँस स्टेसनको वरिपरि सलाई, लाइटरजस्ता सामग्रीको बेचबिखन तथा प्रयोग नगरौँ ।
- आगलागिका घटना भएमा दमकल, सुरक्षाकर्मी र सञ्चारमाध्यममा खबर गरौँ ।
- सम्भव भएसम्म घर तथा कार्यालयमा अग्नी नियन्त्रक उपकरण राखौँ ।
- आगलागिका घटना घटेमा महिला, बालबालिका, वृद्धवृद्धा तथा अशक्तहरुको सुरक्षामा विशेष ध्यान दिऔँ ।

प्रदेश सरकार
आन्तरिक मामिला तथा सञ्चार मन्त्रालय
लुम्बिनी प्रदेश








कमन नेपाल खोज तथा अनुसन्धान प्रतिष्ठानद्वारा प्रकाशित राष्ट्रिय दैनिक बुद्ध दर्पणका लागि
प्रबन्ध निर्देशक: लक्ष्मण बेल्बासे, अतिथि सम्पादक: नारायणप्रसाद पौडेल, प्रधान सम्पादक: बसन्त गिरी, सम्पादक : पार्वती पाण्डे, प्रबन्ध-सम्पादक : डिलाराम भुसाल, व्यवस्थापक : रामु पौडेल, कम्प्युटर सेटिङ्ग : सागर क्षेत्री
प्रधान कार्यालय : बाणगंगा नगरपालिका-४, कपिलवस्तु, फोन नं. ०७६-५५०२६०, फ्याक्स: ०७६-५५०२६०, प्रकाशन कार्यालय बुटवल उ.म.न.पा.-८ रुपन्देही , लुम्बिनी प्रदेश , ईमेल: buddhadarpan@gmail.com मुद्रण: कलर अफसेट प्रेस, बुटवल, रुपन्देही

# पाल्पामा सुख्खा पहिरोमा पुरिएर एक जनाको मृत्यु

पाल्पा, ०७ वैशाख

पाल्पा जिल्लाको तिनाउ-१, कचलमा रहेको कचल फाँट सिंचाई आयोजनाको काममा खटेका बेला सुख्खा पहिरोमा पुरिएर बेपत्ता भएका पुरुष मृत फेला परेका छन्।



मङ्गलबार बेलुका ५ बजे कचलफाँट सिकाइ आयोजनाको कुलो खन्ने गर्ने क्रममा एक्कासी सुख्खा पहिरोले पुऐका बेपत्ता हुनुभएका स्थानीय ६१ वर्षीय डिलबहादुर हिस्की बुधबार बिहान मृत भेटिनुभएको हो। कुलो खन्ने क्रममा हिस्कीलाई सुख्खा पहिरोले च्यापेको थियो।

हिस्कीको शव सुख्खा पहिरो हटाउने क्रममा फेला परेको जिल्ला प्रहरी कार्यालय पाल्पाले जनाएको छ। हिस्कीको शव निकालेर पोष्टमार्टमका लागि लुम्बिनी प्रादेशिक अस्पताल बुटवलमा पठाइएको जिल्ला प्रहरी कार्यालय पाल्पाका सूचना अधिकारी दीपेन्द्र थापाले जानकारी दिनुभयो।

## शिवराज नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
चन्द्रौटा, कपिलवस्तु
लुम्बिनी प्रदेश, नेपाल

मिति:२०७९/०१/०८

### विषय : बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

यस कार्यालयबाट दोस्रो पटक २०७८ चैत ११ गतेको दैनिक लुम्बिनी ... दैनिक पत्रिकामा ... खरिद गर्नको लागि बोलपत्र आह्वान गरिएकोमा मिति २०७८ चैत २७ दिनको १२:०० बजेसम्म रीतपूर्वक दर्ता हुन आएका बोलपत्रहरुको गठित बोलपत्र मूल्यांकन समितिले सिफारिसको मिति २०७८/१२/२८ को बैठकको निर्णयबाट तपसील बमोजिमका बोलपत्रदाताको बोलपत्र स्वीकृत गर्ने सार्वजनिक खरिद नियमावली २०६४ को नियम ८४ को उपनियम १० बमोजिम सम्बन्धितको जानकारीको लागि यो सूचना जारी गरिएको छ।

तपसील:

| क.सं. | ठे.नं. | योजनाको नाम | बोलपत्रदाताको नाम र ठेगाना | स्वीकृत रकम रु (भ्याट समेत) |
|---|---|---|---|---|
| १ | SM/CGI/078/07 9-06A | Procurement of Coloured CGI sheet 26 Gauge 0.41mm | श्री हुलास स्टील इन्डस्ट्रिज लिमिटेड पिप्रा ,सिमरा, बारा | १,२६,८२,८०५.९९ |




बालबालिकालाई पढ्न पठाऔं,उनिहरुको सुखद भविष्यलाई सुनिश्चित गरौं ।
अनुरोधक :-
शुद्धोधन गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय
कपिलवस्तु

सागसब्जी सफापानीले पखालेर मात्र खाने गरौं ।
अनुरोधक :-
यशोधरा गाउँपालिका नगरकार्यपालिकाको कार्यालय
कपिलवस्तु

चर्पीमा मात्रै दिसा पिसाव गरौं ।
अनुरोधक :-
महाराजगञ्ज नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कपिलवस्तु

मानव बेचबिखन विरुद्ध सारा नेपाली एक हाऔं।
अनुरोधक :-
कञ्चन गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय
रुपन्देही

छोरा र छोरी सामान व्यवहार गरौं ,। छोरी लाई पनि स्कुल पठाऔं ।
अनुरोधक :-
बाणगंगा नगरपालिका नगरकार्यपालिकाको कार्यालय
कपिलवस्तु

लागु औषद सेवनले मानिसको शारिरिक र मानसिक स्वास्थ्य बिग्रन्छ ,धन सम्पतीको वर्वाद गर्दछ ।यसको प्रयोग वाट आफु ,परिवार,सामाजलाई नै अपुरणीय क्षेती पुग्ने हुदा यस्ता पदार्थ देखी टाढा रहौं ।
अनुरोधक :-
बुद्धभुमि नगरपालिका नगरकार्यपालिकाको कार्यालय
कपिलवस्तु

सफासँग हात धोएर मात्र खाना खाने गरौं ।
अनुरोधक :-
कृष्णनगर नगरपालिका नगरकार्यपालिकाको कार्यालय
कपिलवस्तु

रोगबाट बच्न व्यतिगत सरसफाईमा विशेष ध्यान दिऔं ।
अनुरोधक :-
मायादेवी गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय
कपिलवस्तु

घर पालुवा पशुपंक्षीलाई जङ्गली जनावरको सम्पर्कमा आउन नदिऔं ।
अनुरोधक :-
कपिलवस्तु नगरपालिका नगरकार्यपालिकाको कार्यालय
कपिलवस्तु

वस्तु वा सामान खरिद गर्दा अनिवार्य रुपमा बिल लिने गरौं ।
अनुरोधक :-
विजयनगर गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय
कपिलवस्तु

खानेपानीका मुहानहरु सफा राखौं ।
अनुरोधक :-
सैनामैना नगरपालिका नगरकार्यपालिकाको कार्यालय
रुपन्देही

रुख रापौं,वन जंगल जोगाऔं बाढी, पहिरोको जोखिम घटाउ ।
अनुरोधक :-
शिवराज नगरपालिका नगरकार्यपालिकाको कार्यालय
कपिलवस्तु

## वनलाई डढेलो बाट जोगाऊ

गर्मी यामसँगै हावाहुरी बढि चल्ने र वन डढेलो लाग्ने जोखिम पनि उच्च हुने भएकाले लाइटर, सलाई, हात, हतियार लगाएतका निशेधित वस्तुहरु लिएर वन क्षेत्रमा प्रवेश नगर्नुहुन सम्पूर्ण उपभोक्ताहरुमा हार्दिक अपिल गर्दछौं । वन डढेलोको कारण हरियो वन तथा वन्य जन्तुहरु नष्ट भई वातावरणीय असन्तुलन पैदा हुने खतरा हुन्छ तसर्थ वन संरक्षणमा योगदान पुऱ्याउन र आफुले जानेबुझेका कुरा गाउँ, घर, छरछिमेकीलाई पनि बुझाउन सबैमा सनिवय अनुरोध गर्दछौं ।

*वनमा हरित पेटी तथा अग्नि रेखा निर्माण गरि नियमित सफा गरौं, आगोको फैलावटमा बाधा पुऱ्याऔं।*



सरेपानी सामुदायिक वन उपभोक्ता समुह परिवार
बाणगंगा न.पा ८ पडेरीया, कपिलवस्तु

लक्ष्मणघाट सामुदायिक वन उपभोक्ता समुह परिवार
बाणगंगा नगरपालिका ६, कपिलवस्तु

बागेश्वरी सामुदायिक वन उपभोक्ता समुह परिवार
बाणगंगा न.पा कपिलवस्तु

मुना सामुदायिक वन उपभोक्ता समुह परिवार
बाणगंगा न.पा कपिलवस्तु

कोटिहवा सामुदायिक वन उपभोक्ता समुह परिवार
बाणगंगा न.पा कपिलवस्तु

वसन्तपूर सामुदायिक वन उपभोक्ता समुह परिवार
बुद्धभुमी न.पा कपिलवस्तु

जय वन शक्ती सामुदायिक वन उपभोक्ता समुह परिवार
बुद्धभुमी न.पा कपिलवस्तु

हरीओम खोला सामुदायिक वन उपभोक्ता समुह परिवार
बुद्धभुमी न.पा कपिलवस्तु

कुन्द्रा सामुदायिक वन उपभोक्ता समुह परिवार
बुद्धभुमी न.पा कपिलवस्तु

विरपूर जनकल्याण सामुदायिक वन उपभोक्ता समुह परिवार
बुद्धभुमी न.पा कपिलवस्तु

कपिलमुनि सामुदायिक वन उपभोक्ता समुह परिवार
बुद्धभुमी न.पा कपिलवस्तु

खोजिपुर सामुदायिक वन उपभोक्ता समुह परिवार
बाणगंगा न.पा कपिलवस्तु

वनदेवी सामुदायिक वन उपभोक्ता समुह परिवार
कपिलवस्तु

मधुवन सामुदायिक वन उपभोक्ता समुह परिवार
बाणगंगा न.पा कपिलवस्तु

फुलवारी सामुदायिक वन उपभोक्ता समुह परिवार
बाणगंगा न.पा कपिलवस्तु

समइथान सामुदायिक वन उपभोक्ता समुह परिवार
कपिलवस्तु

अमृते सामुदायिक वन उपभोक्ता समुह परिवार
बाणगंगा न.पा कपिलवस्तु

नमुना सामुदायिक वन उपभोक्ता समुह परिवार
बाणगंगा न.पा कपिलवस्तु

खुतखुते सामुदायिक वन उपभोक्ता समुह परिवार
बाणगंगा न.पा कपिलवस्तु

# घोराही-होलेरी सडक: कालोपत्रे भएको ३ वर्षमै धुलाम्ये र हिलाम्ये

# प्रहरी नायव निरीक्षक ३८ हजार नगद घुससहित पक्राउ



बागलुङ ७ बैशाख

बागलुङमा एक प्रहरी घुससहित पक्राउ परेका छन्। गण्डकी प्रदेश विपद व्यवस्थापन गुल्म बागलुङमा कार्यरत प्रहरी नायव निरीक्षक रुपनारायण महतोलाई अख्तियारले ३८ हजार नगद घुससहित पक्राउ गरेको हो।

सूचनाको आधारमा गएको अख्तियारको टोलीले बर्दिमै खुलमखुल्ला घुस लिइरहेका महतोलाई पक्राउ गरेको अख्तियार दुरुपयोग अनुसन्धान आयोग, पोखरा कार्यालयकी प्रमुख पार्वती शर्माले जानकारी दिईन्। हामीलाई प्रहरीबाटै घुस लिईंदैछ भन्ने सूचना थियो। त्यही सूचनाको आधारमा गरिएको स्टिङ अप्रेसनका क्रममा प्र.ना.नि.महतोलाई नगद ३८ हजार घुससहित पक्राउ गर्न सफल भयौं' उनले भनिन्।

उनका अनुसार प्र.ना.नि.महतोले सेवाग्राहीसँग लेनदेन केस मिलाई दिने भन्दै घुस मागेका थिए। सेवाग्राहीले घुस दिने भनेपछि उनी घुस लिन मंगलबार साँझ बागलुङ नगरपालिका वडा नम्बर २ स्थित बिपद व्यवस्थापन गुल्म नजिकै पुगेको र त्यहाँ उनले घुस लिइसकेको अवस्थामा अख्तियार दुरुपयोग अनुसन्धान आयोग, पोखरा कार्यालयबाट खटिएको टोलीले नियन्त्रणमा लिएको प्रमुख शर्माले जानकारी दिईन्। पक्राउ परेका महतोलाई बुधबार विहानै काठमाडौं पठाइएको जनाइएको छ।


**गर्मी मौसममा हुनसक्ने आगलागीका घटनाहरू र सोबाट हुनसक्ने जनधनको क्षति न्यूनीकरण गर्न निम्नानुसार गर्ने गरौं ।**

- सलाई , लाइटरजस्ता आगो बाल्ने सामग्रीहरु बालबालिका तथा मानसिक सन्तुलन ठीक नभएका व्यक्तिहरुले भेट्ने ठाउँमा राखौं ।
- खाना पकाइसकेपछि आगो राम्रोसँग निभाऔं, खाना पकाउने ग्याँस प्रयोगकर्ताले चुलो, रेगुलेटर तथा लाइटर आदि समय समयमा निरीक्षण गरौं ।
- चुरोट बिँडीजस्ता वस्तुहरु प्रयोगपश्चात् जथाभावी नफालौं र आगो राम्रोसँग निभाऔं।
- पेट्रोल, डिजेल, ग्याँस स्टेसनको वरिपरि सलाई, लाइटरजस्ता सामग्रीको बेचबिखन तथा प्रयोग नगरौं ।
- आगलागिका घटना भएमा दमकल, सुरक्षाकर्मी र सञ्चारमाध्यममा खबर गरौं ।
- सम्भव भएसम्म घर तथा कार्यालयमा अग्नी नियन्त्रक उपकरण राखौं ।
- आगलागिका घटना घटेमा महिला, बालबालिका, वृद्धवृद्धा तथा अशक्तहरुको सुरक्षामा विशेष ध्यान दिऔं ।


प्रदेश सरकार
आन्तरिक मामिला तथा सञ्चार मन्त्रालय
लुम्बिनी प्रदेश



**घरेलु हिंसा, बलात्कार, कुटपिट, बोक्सी आरोपमा गाउँ निकाला, दाइजो प्रथा, बहुविवाह, बालविवाह, जवरजस्ती करणी, र अन्य मानसिक तथा शारीरिक यातना, अपहेलना र धम्क्याउनेदेखि जिस्क्याउने कार्य सामाजिक तथा कानूनी अपराध हुन् ।**

कोही कसैवाट त्यस्ता कार्य भए तत्काल स्थानीय जनप्रतिनिधि, न्यायिक समिति तथा प्रहरीमा खवर गरौं ।

नेपाल सरकार
विज्ञापन वोर्ड



कमन नेपाल खोज तथा अनुसन्धान प्रतिष्ठानद्वारा प्रकाशित राष्ट्रिय दैनिक बुद्ध दर्पणका लागि
प्रबन्ध निर्देशक: लक्ष्मण बेल्बासे, अतिथि सम्पादक: नारायणप्रसाद पौडेल, प्रधान सम्पादक: बसन्त गिरी, सम्पादक : पार्वती पाण्डे, प्रबन्ध-सम्पादक : डिलाराम भुसाल, व्यवस्थापक : रामु पौडेल, कम्प्युटर सेटिङ्ग : सागर क्षेत्री
प्रधान कार्यालय : बाणगंगा नगरपालिका-४, कपिलवस्तु, फोन नं. ०७६-५५०२६०, फ्याक्स: ०७६-५५०२६०, प्रकाशन कार्यालय बुटवल उ.म.न.पा.-८ रुपन्देही , लुम्बिनी प्रदेश , ईमेल: buddhadarpan@gmail.com मुद्रण: कलर अफसेट प्रेस, बुटवल, रुपन्देही

ा र बिकास
हाना हो ।
हुनु
य हो ।

ो आवद्धता,
भविष्यको
तता ।

ाह र अनमोल
य नदिऔं,
र्माण गरौं ।

ारको लागि
ाई निरुत्साहन
ी परिवार,
ाण गरौं ।

श्रमिकहरुको मौलिक अधिकारको सम्मान गरौँ,
सबै प्रतिष्ठानहरुले न्युनतम पारिश्रमक
प्रदान गर्न आनाकानी नगरौँ

उठाऔं सबैले आवज,
बनाऔं मानव
बेचबिखन मुक्त समाज।

सार्वजनिक सम्पत्तिमा
प्रत्येक नागरिकको हक
छ, त्यसको दुरूपयोग
दण्डनीय अपराध हो ।

लागू औषध उत्पादन, ओसारपोसार,
भण्डारण, बिक्रि वितरण, उपयोग गम्भीर
प्रकृतिको अपराध हो । त्यस सम्बन्धी
सूचना दिई सबैले लागू औषध मुक्त समाज
निर्माण योगदान गरौं ।

कुखुराको खोरबाट निस्केको सुली तथा अन्य वस्तु जथाभावि नफाली खाल्डोमा राखी तह लगाऔं ।
अनुरोधक :-
महाराजगञ्ज नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कपिलवस्तु

घर वरिपरिको वातावरण सफा र स्वच्छ राखौं, रोगब्याधिबाट बचौं।
अनुरोधक :-
विजयनगर गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय
कपिलवस्तु

मरेका पशुपंक्षी लगायतका संक्रमित वस्तुहरु नदी,कुलो खेतमा नफालौं ।
अनुरोधक :-
शुद्धोधन गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय
कपिलवस्तु

नदिजन्य पद्धार्थको दोहन नगरौं । यदि कसैले यस्तो कार्य गरेको देखेमा तुरुन्त नजिकको प्रहरी कार्यालयमा खबर दिऔं ।
अनुरोधक :-
बाणगंगा नगरपालिका नगरकार्यपालिकाको कार्यालय
कपिलवस्तु

चाडॅ पर्व हाम्रो साँस्कृतिक धरोहर हुन यिनिहरुको संरक्षण गरौं । चाडॅ पर्वको नाममा फजुल खर्च नगरी उत्पादन मुलक कार्यमा लगानी गरौं ।
अनुरोधक :-
बुद्धभुमि नगरपालिका नगरकार्यपालिकाको कार्यालय
कपिलवस्तु

प्रयोग भइसकेका अण्डा राख्ने ट्रेबाट रोग सर्न सक्ने हुँदा यसको पून: प्रयोग नगरौं ।
अनुरोधक :-
यशोधरा गाउँपालिका नगरकार्यपालिकाको कार्यालय
कपिलवस्तु

विद्यालयलाई शान्ति क्षेत्र बनाऔं, बन्द हडताल, राजनीतिक क्रियाकलाप ,हिंसात्मक गतिविधिबाट टाढै राखौं ।
अनुरोधक :-
शिवराज नगरपालिका नगरकार्यपालिकाको कार्यालय
कपिलवस्तु

हाम्रो चाहना :दुर्व्यसन रहित स्वस्थ र सुखी जीवनको कामना ।
अनुरोधक :-
कृष्णनगर नगरपालिका नगरकार्यपालिकाको कार्यालय
कपिलवस्तु

आफ्ना सन्तती, परिवार समाज एवं राष्ट्रको भविष्य सुनिश्चित गरौं ।
अनुरोधक :-
मायादेवी गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय
कपिलवस्तु

अपाङ्गता भएका व्यक्तिलाई दया /माया होइन अधिकार दिनु पर्छ ।
अनुरोधक :-
कपिलवस्तु नगरपालिका नगरकार्यपालिकाको कार्यालय
कपिलवस्तु

रोगबाट बच्न व्यतिगत सरसफाईमा विशेष ध्यान दिऔं ।
अनुरोधक :-
महाराजगञ्ज नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कपिलवस्तु

घर पालुवा पशुपंक्षीलाई जङ्गली जनावरको सम्पर्कमा आउन नदिऔं ।
अनुरोधक :-
विजयनगर गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय
कपिलवस्तु

खानेपानीका मुहानहरु सफा राखौं ।
अनुरोधक :-
शुद्धोधन गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय
कपिलवस्तु

रुख रापौं,वन जंगल जोगाऔं बाढी, पहिरोको जोखिम घटाउ ।
अनुरोधक :-
बाणगंगा नगरपालिका नगरकार्यपालिकाको कार्यालय
कपिलवस्तु

सफासँग हात धोएर मात्र खाना खाने गरौं ।
अनुरोधक :-
बुद्धभुमि नगरपालिका नगरकार्यपालिकाको कार्यालय
कपिलवस्तु

मानव बेचविखन विरुद्ध सारा नेपाली एक हाऔं।
अनुरोधक :-
यशोधरा गाउँपालिका नगरकार्यपालिकाको कार्यालय
कपिलवस्तु

छोरा र छोरी सामान व्यवहार गरौं ,। छोरी लाई पनि स्कुल पठाऔं ।
अनुरोधक :-
शिवराज नगरपालिका नगरकार्यपालिकाको कार्यालय
कपिलवस्तु

बालबालिकालाई पढ्न पठाऔं,उनिहरुको सुखद भविष्यलाई सुनिश्ति गरौं ।
अनुरोधक :-
कृष्णनगर नगरपालिका नगरकार्यपालिकाको कार्यालय
कपिलवस्तु

सागसब्जी सफापानीले पखालेर मात्र खाने गरौं ।
अनुरोधक :-
मायादेवी गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय
कपिलवस्तु

चर्पीमा मात्रै दिसा पिसाव गरौं ।
अनुरोधक :-
कपिलवस्तु नगरपालिका नगरकार्यपालिकाको कार्यालय
कपिलवस्तु

बालविवाह,बहुविवाह र अनमेल विवाहलाई प्रश्रय नदिऔं, स्वस्थ समाजको निमार्ण गरौं ।
अनुरोधक :-
सैनामैना नगरपालिका नगरकार्यपालिकाको कार्यालय
रुपन्देही

अखाद्य,सडेगलेको वा म्याद नाघेको वा अस्वाभाविक रुपमा बढि मुल्य लिने वा कम तौल बिक्री गरेको पाइयमा नजिको प्रहरी कार्यालयमा सम्पर्क गरौं ।
अनुरोधक :-
शितगंगा नगरपालिका नगरकार्यपालिकाको कार्यालय
अर्घाखाँची

आफुले पालेका पशुपंक्षीलाई खुला रुपमा नछोडी थुनेर मात्र पालौं ।
अनुरोधक :-
कन्चंन गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय
रुपन्देही

लागु औषद सेवनले मानिसको शारिरिक र मानसिक स्वास्थ्य बिग्रन्छ ,धन सम्पतीको वर्वाद गर्दछ ।यसको प्रयोग वाट आफु ,परिवार,सामाजलाई नै अपुरणीय क्षेती पुग्ने हुदा यस्ता पदार्थ देखी टाढा रहौं ।
अनुरोधक :-
महाराजगञ्ज नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कपिलवस्तु

मानव बेचविखन विरुद्ध सारा नेपाली एक हाऔं।
अनुरोधक :-
विजयनगर गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय
कपिलवस्तु

जथाभावी बाटो नकाटौं, अकाल मृत्युबाट बचौं।
अनुरोधक :-
शुद्धोधन गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय
कपिलवस्तु

साँस्कृतिक धार्मिक र प्रकृतिक सम्पदाको रक्षा गरौं ।राष्ट्रिय स्वाभिमानको रक्षा गरौं ।
अनुरोधक :-
बाणगंगा नगरपालिका नगरकार्यपालिकाको कार्यालय
कपिलवस्तु

उपभोग्य वस्तु खरिद गर्नु अघि अनिवार्य रुपमा वस्तुको मुल्य , उत्पादकको नाम ठेगाना ,तौल ,उत्पादन र उपभोग गर्न सकिने मिति हेरेर मात्र खरिद गरौं ।
अनुरोधक :-
बुद्धभुमि नगरपालिका नगरकार्यपालिकाको कार्यालय
कपिलवस्तु

नदिजन्य पद्धार्थको दोहन नगरौं । यदि कसैले यस्तो कार्य गरेको देखेमा तुरुन्त नजिकको प्रहरी कार्यालयमा खबर दिऔं ।
अनुरोधक :-
यशोधरा गाउँपालिका नगरकार्यपालिकाको कार्यालय
कपिलवस्तु

अपाङ्गता भएका व्यत्तीहरु प्रतिको नकारात्मक सोच आजै वाट अन्त्य गरौं ।
अनुरोधक :-
शिवराज नगरपालिका नगरकार्यपालिकाको कार्यालय
कपिलवस्तु

मरेका पशुपंक्षी लगायतका संक्रमित वस्तुहरु नदी,कुलो खेतमा नफालौं ।
अनुरोधक :-
कृष्णनगर नगरपालिका नगरकार्यपालिकाको कार्यालय
कपिलवस्तु

घरेलु हिंम्सा अपराधको जघन्य प्रकार,सबै मिलि गरौं यसको प्रतिकार
अनुरोधक :-
मायादेवी गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय
कपिलवस्तु

वस्तु वा सामान खरिद गर्दा अनिवार्य रुपमा बिल लिने गरौं ।
अनुरोधक :-
कपिलवस्तु नगरपालिका नगरकार्यपालिकाको कार्यालय
कपिलवस्तु

तथा छठ पर्व को पावन निमार्ण व्यवसायी , शुभेच्छुक,स्वदेश तथा
व्यापारी, ग्राहकवर्ग, शुभेच्छुक,स्वदेश तथा विदेशमा

## पकाइ हराएको सूचना



**कमन नेपाल प्रा. लि.**द्वारा प्रकाशित **राष्ट्रिय दैनिक बुद्ध दर्पण**का लागि प्रबन्ध निर्देशक : **लक्ष्मण बेल्बासे**, अतिथि सम्पादक : **नारायणप्रसाद पौडेल**, प्रधान सम्पादकः **बसन्त गिरी**,
सम्पादक : **पार्वती पाण्डे**, प्रबन्ध-सम्पादक : **डिलाराम भुसाल**, व्यवस्थापक : **रामु पौडेल**, कम्प्युटर सेटिङ्ग : **सागर क्षेत्री**
**प्रधान कार्यालय** : बाणगंगा नगरपालिका-४, कपिलवस्तु, **फोन नं.** ०७६-५५०२६०, **फ्याक्स**: ०७६-५५०२६०, प्रकाशन कार्यालय बुटवल उ.म.न.पा.-८ रुपन्देही , लुम्बिनी प्रदेश , **ईमेल**: buddhadarpan@gmail.com **मुद्रण**: कलर अफसेट प्रेस, बुटवल, रुपन्देही